प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा तहको सेमेष्टर परीक्षा प्रणालीका विशेष प्राविधिक शिक्षा छात्रबृत्ति कार्यक्रम, बायोमेडिकल इक्यूप्मेण्ट इन्जिनियरिङ्ग कार्यक्रम र कोभिड १९ बाट संक्रमित भई परीक्षा छुटेका परीक्षार्थीहरुको नियमित/आंशिक परीक्षाहरुको परीक्षा केन्द्र कायम गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८।०४।१८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा मिति २०७८।०४।११ गते प्रकाशित डिप्लोमा तहका विशेष प्राविधिक शिक्षा छात्रबृत्ति कार्यक्रम अन्तर्गतका सेमेष्टर परीक्षा प्रणालीका **अटोमोवाइल, उद्यमशीलता विकास, सिभिल, इलेक्ट्रिकल, जियोमेटिक्स, होटल मेनेजमेण्ट र फुड एण्ड डेरी टेक्नोलोजी कार्यक्रमको प्रथम बर्ष प्रथम खण्ड दोश्रो बर्ष प्रथम खण्ड र तेश्रो बर्ष प्रथम खण्डका नियमित/आंशिक** परीक्षा तालिका, डिप्लोमा इन बायोमेडिकल इक्यूप्मेण्ट इन्जिनियरिङ्ग दोश्रो सेमेष्टर **नियमित/आंशिक** परीक्षा तालिका र कोभिड १९ बाट संक्रमित भई परीक्षा छुट भएका बिभिन्न कार्यक्रमका परीक्षार्थीलाई मिति २०७८।०४।११ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित परीक्षा तालिका बमोजिम मिति २०७८/०४/२५ गते बिहान ८:०० बजे देखि संचालन हुने विभिन्न शैक्षिक कार्यक्रमहरुको नियमित तथा आंशिक परीक्षाको परीक्षा केन्द्र परिषद्, प्रदेश कार्यालयहरुको सिफारिश अनुसार देहाय वमोजिम कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### प्रदेश नं. १ अन्तर्गतका शिक्षण संस्थाका परीक्षा केन्द्रहरु

| क्र.सं | तोकिएको परीक्षा केन्द्र | शिक्षण संस्थाहरु | कैफियत |
|---|---|---|---|
| १.१ | श्री मनमोहन पोलिटेक्निक इन्स्टिच्यूट, हात्तीमुढा, मोरङ्ग | श्री मनमोहन पोलिटेक्निक इन्स्टिच्यूट, हात्तीमुढा, मोरङ्ग र कोभिड १९ बाट संक्रमित भई परीक्षा छुटेका प्रदेश नं १ का सम्पुर्ण परीक्षार्थीहरु | |
| १.२ | श्री सुम्निमा पोलिटेक्निक इन्स्टिच्यूट, भोजपुर | श्री सुम्निमा पोलिटेक्निक इन्स्टिच्यूट, भोजपुर | |

### प्रदेश नं २ अन्तर्गतका शिक्षण संस्थाका परीक्षा केन्द्रहरु

| क्र.सं | तोकिएको परीक्षा केन्द्र | शिक्षण संस्था | कैफियत |
|---|---|---|---|
| २.१ | श्री बि.पी मेमोरियल पोलिटेक्निक इन्स्टिच्यूट, सपही, धनुषा | श्री बि.पी मेमोरियल पोलिटेक्निक इन्स्टिच्यूट, सपही, धनुषा | |

### बागमती प्रदेश अन्तर्गतका शिक्षण संस्थाका परीक्षा केन्द्रहरु

| क्र.सं | तोकिएको परीक्षा केन्द्र | शिक्षण संस्थाहरु | कैफियत |
|---|---|---|---|
| ३.१ | श्री बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ | श्री बालाजु स्कूल अफ इन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी, बालाजु, काठमाण्डौ र कोभिड १९ बाट संकमित भई परीक्षा छुटेका श्री गम्भिर समुन्द्र सेतु मा.बि, ललितपुर र श्री नेशनल मल्टिपल कलेज, ललितपुरका परीक्षार्थीहरु | |
| ३.२ | श्री शंकरापुर पोलिटेक्निक इन्स्टिच्यूट, सांखु, काठमाण्डौ | श्री शंकरापुर पोलिटेक्निक इन्स्टिच्यूट, सांखु, काठमाण्डौ | |
| ३.३ | श्री राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र, टेकु, काठमाण्डौ | श्री राष्ट्रिय स्वास्थ्य तालीम केन्द्र, टेकु, काठमाण्डौ | |
| ३.४ | श्री नेपाल बनेपा पोलिटेक्निक इन्स्टिच्यूट, बनेपा, काभ्रे | श्री नेपाल बनेपा पोलिटेक्निक इन्स्टिच्यूट, बनेपा, काभ्रे र कोभिड १९ बाट संकमित भई परीक्षा छुटेका श्री नेपाल बनेपा पोलिटेक्निक इन्स्टिच्यूट, बनेपा, काभ्रेका परीक्षार्थीहरु | |
| ३.५ | श्री नारायणी पोलिटेक्निक इन्स्टिच्यूट, भरतपुर, चितवन | श्री नारायणी पोलिटेक्निक इन्स्टिच्यूट, भरतपुर, चितवन र कोभिड १९ बाट संकमित भई परीक्षा छुटेका श्री स्कूल अफ हेल्थ साइन्स, भरतपुर, चितवन र श्री जनप्रिय मा.बि, मकवानपुरका परीक्षार्थीहरु | |
| ३.६ | श्री भरतपुर पोलिटेक्निक इन्स्टिच्यूट, जगतपुर, चितवन | श्री भरतपुर पोलिटेक्निक इन्स्टिच्यूट, जगतपुर, चितवन | |

### गण्डकी प्रदेश अन्तर्गतका शिक्षण संस्थाका परीक्षा केन्द्रहरु

| क्र.सं | तोकिएको परीक्षा केन्द्र | शिक्षण संस्थाहरु | कैफियत |
|---|---|---|---|
| ४.१ | पोखरा प्राविधिक शिक्षालय, फुलवारी, पोखरा | श्री फिस्टेल नर्सिङ्ग स्कूल, पोखरा, कास्कीका कोभिड १९ बाट संकमित भई परीक्षा छुटेका सम्पुर्ण परीक्षार्थीहरु | |

| लुम्बिनि प्रदेश अन्तर्गतका शिक्षण संस्थाका परीक्षा केन्द्रहरु | | | |
|---|---|---|---|
| **क्र.सं** | **तोकिएको परीक्षा केन्द्र** | **शिक्षण संस्थाहरु** | **कैफियत** |
| ५.१ | श्री कोरिया नेपाल पोलिटेक्निक इन्स्टिच्यूट, तामनगर, बुटवल, रुपन्देही | श्री कोरिया नेपाल पोलिटेक्निक इन्स्टिच्यूट, तामनगर, बुटवल, रुपन्देही | |
| ५.२ | श्री शहिद कृष्णसेन इच्छुक पोलिटेक्निक इन्स्टिच्यूट, दाङ्ग | श्री शहिद कृष्णसेन इच्छुक पोलिटेक्निक इन्स्टिच्यूट, दाङ्ग | |
| **सूदुर पश्चिम प्रदेश अन्तर्गतका शिक्षण संस्थाका परीक्षा केन्द्रहरु** | | | |
| **क्र.सं** | **तोकिएको परीक्षा केन्द्र** | **शिक्षण संस्थाहरु** | **कैफियत** |
| ७.१ | श्री सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली | कोभिड १९ बाट संक्रमित भई परीक्षा छुटेका श्री सरस्वती मा.बि, कैलालीका सम्पुर्ण परीक्षार्थीहरु | |

**द्रष्टव्य :**

१. उपरोक्त कार्यक्रम अनुसार परीक्षामा अनुपस्थित हुने परीक्षार्थीहरुका लागि पुन: अर्को व्यवस्था गरिने छैन ।

२. प्रयोगात्मक परीक्षा कार्यक्रम सम्बन्धित शिक्षण संस्थाहरुले तयार गरी परिषद्का सम्बन्धित प्रदेश कार्यालयहरु संग समन्वय गरी संचालन गर्न गराउनुहुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

३. पाठ्यक्रममा प्रयोगात्मकमात्र भनी उल्लेख भएकोले विषयहरुको प्रयोगात्मक परीक्षा सम्वन्धित शिक्षण संस्थाहरुमा नै संचालन गरिने हुंदा सो सम्वन्धित आवश्यक व्यवस्था पनि सम्वन्धित शिक्षण संस्था आफैंले गर्नुपर्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

४. लग, टेबलसिट वा कोडबुक चेक गराएर मात्र परीक्षा हल भित्र लान पाइने छ ।

५. परिषद्को पूर्व सूचना विना कुनै अप्रत्याशित विदा पर्न आएमा पनि परीक्षा स्थगित गरिने छैन ।

६. आन्तरिक परीक्षामा अनुत्तिर्ण परीक्षार्थी वाह्यमुल्यांकनको अन्तिम परीक्षामा समावेश हुन पाईने छैन र यदि भएमा निजको परीक्षा स्वत: रद्द हुनेछ ।

७. आवेदन फाराम भर्ने बारेको सूचनामा उल्लेख गरिएको शैक्षिक शत्र बाहेकका रजिष्ट्रेशन भएका परीक्षार्थीहरुले परीक्षा आवेदन फाराम भरी परीक्षामा समावेश भएमा समेत उक्त परीक्षा स्वत: रद्ध हुनेछ ।

८. परीक्षा तालीकामा कुनै बिषय छुटेमा, दोहोरिएमा त्रुटी भएमा १ हप्ता भित्र परिषद् परीक्षा नियन्त्रण कार्यालयमा सम्पर्क गर्नुहोस् ।

९. तोकिएको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिएमा उक्त परीक्षा स्वत: रद्ध हुनेछ ।

१०. मोवाइल फोन, डिजिटल डायरी जस्ता परीक्षामा निषेधित बस्तुहरु परीक्षा भवनभित्र साथमा लिइ जान पाइने छैन । अन्यथा केन्द्राध्यक्षले त्यस्ता सामान जफत गर्न सक्नेछ ।

११. परीक्षा केन्द्रमा नेपाल सरकारले तोकिएको स्वास्थ्य सम्बन्धी मापदण्ड पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

१२. नेपाल सरकारले तोकेको कोभिड-१९ सम्बन्धी जनस्वास्थ्यका मापदण्ड पूर्णत:पालना गरी परीक्षा संचालन गर्ने गराउने ।

१३. परीक्षा सम्बन्धित DCMC को समन्वयमा संचालन गर्ने ।

१४. परीक्षा केन्द्रमा कम्तिमा २ मिटरको दुरी कायम गरी Z आकारमा परीक्षार्थीहरु राख्ने गरी सिट प्लान गर्ने ।

१५. परीक्षा केन्द्रमा परीक्षा संचालन समय भन्दा कम्तिमा १ घण्टा अगाडि परीक्षार्थीहरु प्रवेश गराई लाईनमा हुन सकने भिड न्युनिकरण गर्ने ।

१६. Case Investigation and Contact Tracing (CICT) को सहजताका लागि प्रत्येक परीक्षार्थीलाई पहिलो दिनको परीक्षा शुरु हुन अगाडि CICT फाराम भर्न लगाई संकलित फाराम सम्बन्धित DCMC लाई उपलब्ध गराउने ।

१७. कोभिड-१९ संक्रमित परीक्षार्थीको हकमा अरु सामान्य परीक्षार्थीहरुको परीक्षा शुरु भएको ३० मिनेट पछि मात्र प्रवेश गराई अरुको परीक्षा सकिएको ३० मिनेट पछि परीक्षाबाट निस्कने व्यवस्था मिलाउने यस्ता परीक्षार्थीहरुलाई बेग्लै कोठा तथा बेग्लै शौचालयको व्यवस्थापन गर्ने । संक्रमित परीक्षार्थीहरुले प्रयोग गरेको सामग्री सम्बन्धित स्वास्थ्य कार्यालयको समन्वयमा अत्यन्त सावधानीका साथ संकलनको व्यवस्था गर्ने ।

१८. परीक्षा संचालनमा संलग्न प्राचार्य, शिक्षक, कर्मचारी तथा संभव भएसम्म विद्यार्थीहरुको खोपको निम्ति सम्बन्धित DCMC संग समन्वय गरी खोप लगाउने व्यवस्था गर्नु उपयुक्त हुने ।

**नोट : यो सूचना www.ctevtexam.org.np मा हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**